# दार्मा गाउँपालिकाको योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी कार्यविधि, २०७८

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**२०७८**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड - ५ सङ्ख्या : ४ मिति : २०७८/११/२०

## भाग -२

## दार्मा गाउँपालिका

*गाउँ कार्यपालिकाबाट पारित मिति : २०७८/११/१०*

*प्रमाणीकरण मिति : २०७८/११/२०*

### दार्मा गाउँपालिकाकोयोजना प्रक्रियामा युवा सहभागितासम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** *दार्मा गाउँपालिकाकोयोजना निर्माण प्रक्रियामा विकासको आधारशीलाको रूपमा रहेका युवाको अर्थपूर्ण सहभागिता बढाउने उद्देश्यले दार्मा गाउँपालिकाकोआवश्यकता र प्राथमिकताको आधारमा युवासँगको सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वान्छनिय भएकोलेस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दार्मा गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।*

## *परिच्छेद १*
## *प्रारम्भिक*

१. ***संक्षिप्त नाम र प्रारम्भः*** *(१) यस कार्यविधिको नाम **"दार्मा गाउँपालिकाको योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी कार्यविधि २०७८"** रहेको छ।*

*(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।*

२. ***परिभाषाः***

*विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–*

*(क) 'उपाध्यक्ष' भन्नाले दार्मा गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ।*

*(ख) 'अध्यक्ष' भन्नाले दार्मा गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ।*

*(ग) 'प्राथमिकता समूहका युवा' भन्नाले भौगोलिक, सामाजिक-सांस्कृतिक, आर्थिक, मानविय तथा राजनीतिक रुपमा पिछडिएको समूदायमा रहेका युवाहरुलाई सम्झनुपर्छ।*

*(घ) 'स्थानीय तह' भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्दछ।*

*(ङ) 'युवा'भन्नाले१६देखि४०वर्षसम्मकानागरिकलाईसम्झनुपर्दछ।*

*(च) 'युवाको अर्थपूर्ण सहभागिता' भन्नाले योजना प्रक्रियामा युवाको सहभागिता लक्षित समूह, साझेदार र नेतृत्वको रूपमा हुने सम्झनुपर्दछ।*

*(छ) 'युवा समावेशी सहभागिता' भन्नाले दार्मा गाउँपालिकाकोयुवा समन्वय समिति गठन, सहभागीसदस्यको चयन र मनोनयनमा समावेशी सिद्धान्तको आधारमा कम्तीमा पचास प्रतिशत युवा महिलाको प्रतिनिधित्व सम्झनुपर्दछ।*

*(ज) 'युवासमूह' भन्नाले युवाका क्षेत्रमा सक्रिय युवा क्लब, युवा सामाजिक सङ्घ संस्था, स्काउट, युवा तथा विद्यार्थी सङ्गठन र उद्यमी युवा, स्वयम्सेवक जस्ता सङ्गठित युवाको समूह भन्ने सम्झनुपर्दछ।*

*(झ) 'विषयगत समिति' भन्नाले दार्मा गाउँपालिकाकोकार्यपालिकाको कार्य विभाजन नियमावलीबमोजिम स्थानीय तहमा गठन हुने विषयगत समितिसम्झनुपर्दछ।*

*(ञ) 'विशेष प्राथमिकताको समूहका युवा' भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका र पिछडिएको क्षेत्रका युवा सम्झनुपर्दछ।*

*(ट) 'समिति' भन्नाले दफा १४ बमोजिमको युवा समन्वय समितिसम्झनुपर्दछ।*

*(ठ) 'सरोकारवाला निकाय' भन्नाले युवाका लागि सरोकार राख्ने सरकारी निकाय, विकास साझेदार, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, सांस्कृतिक तथा सामाजिक सङ्घसंस्था, धार्मिक सङ्घसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक संस्था, समुदाय, परिवार, आफन्त र युवा समूह भन्ने सम्झनुपर्दछ।*

## परिच्छेद २

## युवाको अवस्था पहिचान र सहकार्य सम्बन्धी व्यवस्था

**३. <u>युवाको तथ्याङ्क अधावधिक गर्ने र अभिलेखीकरण गर्ने</u>** *: (१) युवाको जनसङ्ख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, आर्थिक अवस्था, अपाङ्गता, पेशा व्यवसाय जस्ता विषयमा तथ्याङ्कराख्ने र अध्यावधिक गरिनेछ।*

*(२) युवाको क्षेत्रमा सक्रिय समूहको पहिचान गरी अभिलेख राख्ने युवा क्लब, युवा सामाजिक सङ्घ संस्था, स्काउट, राजनीतिक दल, उद्यमी युवा, स्वंयसेवीजस्ता सङ्गठित युवाको समूहलाई सहकार्यका लागि आह्वान गरिनेछ।*

*(३) इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुसारको क्षेत्रमा संलग्न गराउन रोष्टर तयार गरी आवश्यकता अनुसार सहभागी गराइनेछ।*

*(४) सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिनेछ।*

*(५) स्थानीय तह भित्रका विभिन्न विषयगत योजना निर्माण प्रक्रिया, कार्यान्वयन र अनुगमन कार्यमा युवालाई संलग्न, साझेदार र विज्ञ सल्लाहकारको रूपमा सहभागी गराइनेछ।*

**४. <u>नीति निमार्ण तथा कार्यान्वयनमा युवाको सहभागिताः</u>** *(१) युवाको क्षमता विकास गरी आधारभूत शक्तिका रूपमा स्थापित गरी सबै तहका नीति तथा योजना निर्माण, निर्णय एवम् कार्यान्वयनमा युवाको सहभागिता गराइनेछ।*

*(२) योजना छनौट र निर्माण प्रक्रियामा प्रत्यक्ष रूपमा युवालाई संलग्न गराउन संस्थागत प्रणालीको विकास गरिनेछ ।*

*(३) युवालाई विभिन्न क्षेत्रमा स्वंयसेवकका रुपमा सहभागि हुन अवसर प्रदान गरी नेतृत्वदायी भूमिकामा स्थापित गर्न र उदाहरणीय युवामैत्री स्थानीय सरकारको अवधारणालाई थप प्रभावकारी बनाईनेछ ।*

**५. <u>युवामैत्री कार्यक्रमको तर्जुमाः</u>** *(१) युवामैत्री कार्यक्रम तर्जुमा, युवाका सवाल र सरोकारका विषयमा बहस, अन्तरक्रिया र पैरवीका लागि अनुकूल वातावरण सृजना गरिनेछ ।*

*(२) दार्मा गाउँपालिकाकोआर्थिक, सामाजिक र सांस्कृतिक विकासमा युवाको ज्ञान, सिप, धारणा र समयको प्रभावकारी सदुपयोग गर्ने व्यवस्था मिलाइनेछ ।*

*(३) समावेशी सिद्धान्त र सकारात्मक विभेदको माध्ययमबाट समाजमा पछाडि पारिएका महिला युवा, अपाङ्गता भएका युवा, दलित युवा जस्ता प्राथमिकता र विशेष प्राथमिकताका समूहका युवाहरूलाई मूलप्रवाहीकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।*

*(४) विभिन्न उमेरसमूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूहमा वर्गीकरण गरी१६–२४ वर्ष र २५–४० वर्ष गरी दुई समूहमा विभाजन गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।*

**६. <u>बिभिन्न संघ संस्थासँग सहकार्य तथा समन्वयः</u>** *(१) दार्मा गाउँपालिकाकोविकासमा युवाबीचको सहकार्य र समन्वयको क्षेत्रलाई सङ्गठित गरी प्रभावकारी बनाइनेछ ।*

*(२) युवाको बृहत्तर विकासमा कार्य गर्न चाहने स्थानीय सङ्घसंस्था, क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गरी सरल र सहज कार्य वातावरण सृजना गरिनेछ ।*

## परिच्छेद ३

## योजना प्रक्रियामा युवाको सहभागितासम्बन्धी व्यवस्था

**७. <u>योजना तर्जुमा प्रक्रियामा युवा सहभागिताः</u>** *(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वडास्तरीय आयोजनाकार्यक्रम पहिचानको तहदेखि नै हरेक चरणमा युवाको सहभागितामा गराउने व्यवस्था मिलाइनेछ ।*

*(२) योजना छनौट प्रक्रियामा हुने छलफल, प्राथमिकीकरण र निर्णय निर्माणमा सङ्गठित वा असङ्गठित युवाको अर्थपूर्ण सहभागिता बढाउँदै लगिनेछ र आर्थिक तथा प्राविधिक रूपमा सम्भाव्य परियोजना छनौट गर्न युवाको समावेशी सहभागिता सुनिश्चित गरिनेछ।*

*(३) योजना छनौटको अन्तरक्रियामा बृहत् युवा भेलाको आयोजना गरी युवा क्लब, युवा सञ्जाल र स्थानीय तह युवा परिषद्का प्रतिनिधिको सहभागितामा युवाका सवालहरू पहिचान गर्ने र योजना बनाउने व्यवस्था मिलाइनेछ ।*

*(४) योजनाको प्राथमिकीकरण गर्दा युवाका सबालसँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई सम्बोधन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।*

*(५) योजना कार्यान्वयनका लागि आन्तरिक श्रोतको पहिचान गरी उपयोग गर्न युवालाई परिचालन गर्न उचित प्रबन्ध गरिनेछ ।*

*(६) योजना कार्यान्वयनका क्रममा वातावरण संरक्षणका लागि सचेतनामूलक कार्यमा युवाहरुलाई परिचालन गरिनेछ ।*

***८. उपभोक्ता समितिको गठनमा युवाको सहभागिताः*** *उपभोक्ता समिति गठन गर्दा तोकिए बमोजिमको प्रतिशतले युवाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।*

***९. युवालाई विशेष अवसर प्रदान गर्नेः*** *(१) युवालाई सङ्गठित र नेतृत्व विकास गर्न तथास्वंयसेवाका क्षेत्रको पहिचान गरी विविध क्षेत्रमा योगदान गर्ने गरी अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।*

*(२) योजना छनौट गर्दा स्थानीय तह भित्रका आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय विषयमा जनचेतना अभिवृद्धि तथा सशक्तीकरण गर्ने कार्यमा युवाको भूमिकालाई प्राथमिकता दिइनेछ।*

*(३) विपद,कोभिडजस्ता प्राकृतिक विपदको समयमा टेलिफोन, इन्टरनेट वा अन्य विद्युतिय माध्यमको प्रयोग गरी सरोकारवालाबीच आवश्यक छलफल,अन्तरक्रिया, बैठक आयोजना गरी आवश्यक सहजीकरणका लागि युवाको परिचालन गरिनेछ ।*

***१०. वार्षिक बजेट विनियोजनसम्बन्धी व्यवस्थाः*** *युवा लक्षित कार्यक्रम कार्यान्वयनका लागि छुट्टाइएको तोकिएका बजेट तथा तोकिएका कार्यक्रम अनिवार्य रुपमासंचालन गर्ने व्यवस्था मिलाइनेछ ।*

***११. योजना कार्यान्वयनमा युवा सहभागिता:*** *(१) योजना कार्यान्वयनमा सार्वजनिक सूचना सम्प्रेषकको भूमिका निर्वाह गर्ने गरी युवालाई महत्वपूर्ण साझेदारको रूपमा सक्रिय सहभागी गराईनेछ ।*

*(२) साझेदारीमा विभिन्न विषय तथा क्षेत्रगत कार्यक्रम सञ्चालनका लागि युवालाई आह्वान गरिनेछ ।*

*(३) युवासँगको साझेदारीमा सीपविकास, उद्यमशीलता, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रणर सामाजिक विसङ्गति विरुद्धका अभियान जस्ता कार्यक्रममासहकार्य गरिनेछ ।*

*(४) स्थानीय तहस्तरमा युवा परिषद्, युवा सञ्जाल र वडाक्लबलाई योजनाको प्रक्रियामा संलग्न गराइने आवश्यक पृष्ठपोषण लिईनेछ।*

***१२. <u>अनुगमन तथा सुपरीवेक्षणमा युवाको संलग्नताः</u>*** *(१) योजना कार्यान्वयकोकार्यकुशलता एवं प्रभावकारिताको अनुगमन गर्ने एवं सार्वजनिक जवाफदेहिताको सुनिश्चिताको लागि सार्वजनिक सुनुवाइ रसामाजिक परीक्षण जस्ता औजार प्रयोग गर्ने गराउने कार्यमा युवालाई संलग्न गराइनेछ ।*

*(२) स्थानीय तहमा सञ्चालित विकास आयोजनाको अनुगमन तथा सुपरीवेक्षण कार्यमा युवाको विषयगत विज्ञता भएको आधारमा समन्वय समितिको सिफारिसमा सहभागिता सुनिश्चित गरिनेछ ।*

*(३) स्थानीय तहमा युवाबाट सञ्चालित आयोजनाको अनुगमन तथा सुपरीवेक्षणमा आवश्यकताअनुसार आयोजना कार्यान्वियन हुने वडाको वडास्तरका अनुगमन समितिका प्रतिनिधिलाई सहभागी गराइनेछ ।*

*(४) युवाका विषयमा र युवासँगको साझेदारीमा भएका कार्यक्रमको नियमित अनुगमन, सुपरीवेक्षण र मुल्याङ्कन युवा समन्वय समितिले गरी कार्यपालिकामा प्रतिवेदन पेशगर्नेछ ।*

*(५) स्थानीय तहका योजना अनुगमन तथा सुपरीवेक्षणमा संलग्न उत्कृष्ट युवा तथा युवा कार्यक्रमलाई वार्षिकरूपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।*

## ***परिच्छेद – ४***

## ***युवा समन्वय समिति सम्बन्धी व्यवस्था***

***१३. <u>युवा समन्वय समितिको गठन</u>:*** *(१) युवाको योजना निर्माणमा सहभागिता र युवासँग सम्बन्धित कार्यक्रमको समन्वयका लागि स्थानीय तहमा देहायबमोजिमको समिति गठन गरिनेछ ।*

*(क) संयोजक, सामाजिक समिति – संयोजक*

*(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य*

*(ग) संयोजक, आर्थिक समिति वा निजले तोकेको समितिको महिला सदस्य – सदस्य*

*(घ) उपाध्यक्ष,स्थानीय तहपरिषद् – सदस्य*

*(ङ) क्रियाशील युवा, युवा क्लब, युवा सामाजिक सङ्घसंस्था मध्येबाट प्रमुख/अध्यक्षले समावेशी आधारमा मनोनित गरेका दुई जना महिलासमेतछजना – सदस्य*

*(च) शाखा प्रमुख, युवा हेर्ने दार्मा गाउँपालिकाकोशाखा/महाशाखा – सदस्य सचिव*

*(२) उपदफा (१) मा भएको समितिको बैठकमा जिल्ला युवा समितिका अध्यक्ष, युवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई समेत आवश्यकता अनुसार आमन्त्रण गर्नसकिनेछ।*

***१४. <u>मनोनित सदस्यको योग्यता:</u>*** *(१) देहायको योग्यता पुगेको युवा व्यक्ति समन्वय समितिमा मनोनयनका लागि योग्य हुनेछः*

*(क) १६ देखि ४० वर्षसम्म उमेर भएका।*

*(ख) आधारभूत शिक्षा पूरा गरेको।*

*(ग) युवासँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, स्वंयसेवा वा निजले प्रतिनिधित्व गर्ने क्षेत्र कृषि, उद्यम, खेलकुद जस्ता क्षेत्रमा कम्तीमा दुई वर्षको कार्य अनुभव भएको।*

*(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको।*

*(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग लागेको व्यक्ति भए सो अभियोगबाट सफाई पाएको तीन वर्ष पूरा भएको।*

*(च) सरकारी सम्पत्ति हिनामिना नगरेको।*

***१५. <u>समितिका पदाधिकारी तथा सदस्यको पदावधि:</u>*** *(१) समितिका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।*

*(२) मनोनित सदस्यको पदावधिएक कार्यकालका थप गर्न सकिनेछ।*

***१६. <u>मनोनित सदस्यको पद रिक्त हुने:</u>*** *(१) देहायको अवस्थामा समितिका मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ :*

*(क) पदबाट राजीनामा दिएमा।*

*(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा।*

*(ग) पदीय आचरण विपरित काम गरेमा।*

*(घ) मृत्यु भएमा।*

*(२) उपदफा (१) को खण्ड (ग) बमोजिम पदबाट हटाउने कारबाही गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिइनेछ।*

(३) समितिको कुनै पनि पद रिक्त भएमा बाँकी अवधिको लागि क्षेत्रगत प्रतिनिधित्व कायम राखी नियुक्ति गर्न सकिनेछ ।

**१७. <u>समितिको काम, कर्तव्य र अधिकार:</u>** (१) समितिको काम कर्तव्य र अधिकार अन्यथा उल्लेख भए अतिरिक्त देहायबमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्र रहेका युवाको अभिलेखीकरण गर्ने, विवरण अद्यावधिक गर्ने तथाउनीहरूको रुचीको क्षेत्र पहिचान सहित योग्य र सक्षम युवाको छनौट गर्न पालिकालाई सहयोग गर्ने ।

(ख) युवासम्बन्धी कार्यक्रम एवं आयोजना सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

(ग) वार्षिक योजना तर्जुमा प्रक्रियामा युवाको सहभागिताका लागि समन्वय गर्ने ।

(घ) योजनाचक्रमा युवाको सहभागिता अभिवृद्धि गर्न वडा युवा क्लब, दार्मा गाउँपालिका स्तरीय युवा सञ्जाल, पालिका युवा परिषद् र अन्य सरोकारवालासँग नियमित समन्वय र सहकार्य गर्ने ।

(ङ) युवाको प्रतिनिधित्वको समीक्षाका साथै कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने।

(च) युवाले सञ्चालन गरेका आयोजना वा क्रियाकलापसम्बन्धी अभिलेखलाई दुरुस्त राख्ने ।

(छ) युवाका क्षेत्रमा कामगर्ने युवा, सङ्घसंस्था, निजीक्षेत्र लगायत अन्य समिति तथा विभागसँग समन्वय गरी युवाका विषयलाई मूलप्रवाहीकरण गर्ने ।

(ज) युवाको क्षमता अभिवृद्धि तथा स्वंयसेवाका क्षेत्रहरूको पहिचान गरी आवश्यक कार्यक्रमका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(झ) बिद्यालयस्तरमै युवाक्लब गठन र उनीहरूको सहभागितालाई अभिवृद्धि गरी सवल युवा र सक्षम नागरिक बनाउन भूमिका निर्वाह गर्ने ।

(ञ) स्थानीय तहले तोकेका युवा समन्वयसम्बन्धी अन्य कार्य गर्ने ।

(२) उपदफा (१) मा तोकिएको काम कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय तहले युवा परिचालनको आवश्यकता देखेमा युवा समन्वय समितिसँगको परामर्शमा कार्यपालिकाबाट निर्णय गराई थप जिम्मेवारी तोक्न बाधा पुऱ्याएको मानिनेछैन ।

**१८. <u>समितिको बैठकसम्बन्धी व्यवस्था</u>:**(१) समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ, आवश्यकता अनुसार थप बैठक बस्न सकिनेछ ।

*(२) बैठकमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ। बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ।*

*(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। संयोजकको अनुपस्थितिमा उपस्थित मध्ये जेष्ठसदस्यले बैठकको अध्यक्षता गर्नेछ।*

*(४) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।*

***१९. समितिका पदाधिकारी एवं सदस्यको आचारसंहिता सम्बन्धी व्यवस्थाः***‌*युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यले समितिका निर्णय र काम कारबाहीलाई पारदर्शी र विश्वासिलो बनाउन समितिको आचारसंहिता बनाई लागू गर्नुपर्नेछ।*

## परिच्छेद ५

## *समन्वय तथा सहकार्य सम्बन्धी व्यवस्था*

***२०.स्थानीय योजना प्रक्रियामा युवा सहभागिता:*** *(१) देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई स्थानीय योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाको रूपमा पहिचान गरिनेछः*

*(क) दार्मा गाउँपालिकाकोशिक्षा, युवा र खेलकुद शाखा,*

*(ख) स्थानीयस्तरका विभिन्न राजनीतिक दल र भातृ सङ्गठन,*

*(ग) स्थानीयस्तरमा काम गर्ने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदार,*

*(घ) सञ्चार माध्यम,*

*(ङ) विभिन्न पेशा व्यवसायमा संलग्न युवाउद्यमी, अनुसन्धानकर्ता, विद्वत वर्ग,*

*(च)स्थानीय व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, बजारव्यवस्थापन समिति, फोहोर व्यवस्थापन समिति, वातावरण, टोल विकास संस्था/समिति, उपभोक्तासमिति, महिला/आमा समूह, सहकारी र धार्मिक समुदायजस्ता विभिन्न विषयगत समूह,*

*(छ) युवा समूह।*

## २१. स्थानीय योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाको भूमिका:

### (१) दार्मा गाउँपालिकाको भूमिका

(क) दार्मा गाउँपालिकाकोनीति निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ख) स्थानीय तहस्तरमा युवा परिषद्, स्थानीय तह स्तरीय युवा सञ्जाल गठन गर्ने र प्रत्येक वडामा वडा युवा क्लब गठन गरी युवाका लागि नेतृत्व विकास र स्वंय सेवाका अवसरसृजना गर्ने ।

(ग) शिक्षा, युवा र खेलकुद शाखाले विभागका कार्यसँग समाहित गर्दै थप कार्यक्रमका लागि प्रत्येक आर्थिक वर्षमा आन्तरिक, बाह्य र सशर्त बजेटका लागि पहलकदमी लिने।

(घ) योजना प्रक्रियामा युवाको सहभागिता, सहकार्य र नेतृत्व विकास गर्ने ।

(ङ) नमुना युवामैत्री पालिकाका रूपमा स्थापित हुन आवश्यता अनुसार राष्ट्रिय युवा परिषद्सँग समन्वय गर्ने ।

### (२) विकास साझेदारहरुको भूमिका

(क) अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र, अन्तरदेशीय निकाय, संयुक्त राष्ट्रसङ्घ जस्ता विकास साझेदारले युवाको नेतृत्व विकास हुने कार्यक्रममा लगानी गर्ने ।

(ख) कार्यपालिकासँगको समन्वय र सहकार्यमा कार्यक्रम तय गर्ने ।

(ग) कार्यपालिकाले प्राथमिकीकरण गरेका युवाका क्षेत्रका कार्यक्रमलाई आधार बनाई कार्यक्रम संचालन कार्ययोजना बनाउने।

### (३) निजी क्षेत्रको भूमिका

(क) निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

(ख) निजी क्षेत्रको नेतृत्वमा हुने कार्यक्रममा युवाको सहयोग लिने र युवावर्गलाई उत्प्रेरित गर्ने ।

### (४) सामाजिक सङ्घ संस्थाहरुको भूमिका

(क) सामाजिक सङ्घसंस्थाका सञ्जालमा युवाको नेतृत्व र मुद्दालाई प्राथमिकता दिने ।

(ख) युवामा सदाचार प्रवर्द्धन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने ।

(ग) युवाको नेतृत्व विकासका लागि उनीहरको सिप तथा क्षमता अभिवृद्धि हुने कार्यक्रम लागू गर्ने ।

*(घ) स्थानीय तहसँगको समन्वयमा युवालक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।*

***(५) सञ्चार क्षेत्रको भूमिका***

*(क) युवाको सहभागिताका विषयमा सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउने ।*

*(ख) युवाले गरेका सकारात्मक कार्यको प्रसार प्रसार गर्ने ।*

*(ग) युवालाई नैतिक शिक्षा हुने खालका कार्यक्रमको प्रकाशन तथा प्रसारणमा जोड दिने ।*

*(घ) युवाको नेतृत्वमा भएका सफलतालाई प्राथमिकता दिने ।*

***२२. समन्वय र सहकार्यः*** *(१) युवाको सहभागिता अभिवृद्धिका लागि संघस्तरमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत मन्त्रालय, राष्ट्रिय युवा परिषद् र मातहतका समिति,प्रदेश सरकार युवा मामिला मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र अन्य विषयगत मन्त्रालयबाट हुने युवासम्बन्धी सङ्घ तथा प्रदेशका नीति तथा कार्यक्रम र बजेटका लागि उचित समन्वय र सहकार्य गरिनेछ ।*

*(२) योजना निर्माण प्रक्रियामा युवा सहभागिता सुनिश्चित गर्न स्थानीय तहबाट युवाको विकासका लागि गरिएका प्रयासमा साझेदारी बढाई स्थानीय तहमा युवा संयन्त्रको विकास गरिनेछ।*

*(३) युवाको समग्र विकास गरी नेतृत्व स्थापित गर्न र स्वंयसेवाका अवसर सृजना गर्न विभिन्न युवा सङ्घसङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारबाट साझारूपमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।*

*(४) युवा विकासमा कार्यरत सङ्घ संस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट, निजी क्षेत्रका युवा, उद्यमी संस्थाको साझेदारीमा सहकार्य गरी यो कार्यविधि कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।*

## परिच्छेद – ६

## *विविध*

***२३. सहयोग गर्नुपर्नेः*** *यस कार्यविधि बमोजिम युवा सहभागिता बढाउनको लागि आवश्यक सहयोग गर्नु सम्बधित सबैको कर्तव्य हुनेछ ।*

***२४. व्याख्या गर्ने अधिकारः*** *यस कार्यविधिमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।*

२५. ***<u>बाधा अड्काउ फुकाउन सक्ने</u>***: *यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा दार्मा गाउँपालिकाकोकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।*

२६. ***<u>संशोधन गर्न सक्ने</u>***:*कार्यपालिकालेआवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ।*

*अनुसुची – १*

*( दफा ३ को उपदफा १ सँग सम्बन्धित )*

## युवाको तथ्याङ्क अभिलेखीकरणर अद्यावधिक गर्ने फारामको ढाँचा

**परिचयात्मक खण्ड**

*नाम थरः*

*दार्मा गाउँपालिकाकोनाम: वडा न.:*

*घरमुलीको पूरा नाम : जातजाति: परिवार संख्या : महिलाः पुरुष : अन्य: अपाङ्गता भए अपाङ्गताको किसिम:*

**व्यक्तिगत खण्ड**

*१६ देखि ४० वर्षको उमेर समूहका लागि*

*१. उमेरः २. लिङ्ग: म/पु/अ*

*३. वैवाहिक अवस्था : विवाहित / अविवाहित / एकल ४. अपाङ्गताको अवस्था:*

*५. शैक्षिक अवस्था: ६. पेशा व्यवसायः*

*७. आबद्धता :*

**शैक्षिक अवस्था**

*शैक्षिक संस्थामा पढ्नलेख्न गएको* ☐ ☐ *कहिल्यै विद्यालय÷विश्वविद्यालय नगएको* ☐

*हाल पढ्नलेख्न गइरहेको विद्यालय / विश्वविद्यालय :*

**शैक्षिक स्तर**

*(क) साक्षरता÷अनौपचारिक शिक्षा* ☐ *(ख) माध्यमिक तह / आधारभुत शि* ☐ *(ग) प्रवीणत* ☐

☐

*(घ) स्नातक तह* ☐ ☐ *(ङ) स्नातकोत्तर तह* ☐

(च) विद्यावारिधि ☐

**अध्ययन गरेको क्षेत्र**

मानविकी तथा सामाजिक शिक्षा ☐ व्यवस्थापन

शिक्षा विज्ञान तथा प्रवि

स्वास्थ्य÷चिकित्साशास्त्र इन्जिनियरिङ ☐

कानुन ☐ कृषि ☐

वन ☐ पशुविज्ञान / पशुचिकित्सा र मत्स्यपालन ☐

कम्प्युटर÷सूचना विज्ञान ☐ न्य ☐ थाः

**पेशा / व्यवसाय**

घरेलु ☐ उद्योग ☐ व्यापार ☐ सं कृषि ☐ वैदेशिक रोजगार रोजगार

अर्धरोजगार ☐ पूर्ण बेरोज

सीप÷तालिमः सीप वा तालिम प्राप्त निकायः

मासिक आम्दानीः वार्षिक आम्दानीः

सम्पत्तिको विवरणः

***अपाङ्गताको अवस्था***

*१.अपाङ्गता भएको* ☐ *२. अपाङ्गता नभएको* ☐ ☐

*अपाङ्गता भएको भए अपाङ्गताको किसिम*

*(क) शारीरिक अपाङ्गता* ☐ *(ख) बहिरा* ☐ *(ग) सुस्तश्रवण* ☐

*(घ) पूर्ण दृष्टिबिहिन* ☐ *ङ) न्यून दृष्टियुक्त* ☐ *(च) स्वर तथा बोलाइसम्बन्धी* ☐

*(छ) श्रवण दृष्टिबिहिन* ☐ ☐ *(ज) अनुवंशीय रक्तश्राव (हेमोफेलिया)* ☐ ☐

*(झ) अटिजम* ☐ ☐ *(ञ) बौद्धिक अपाङ्गता* ☐

*(ट) मनोसामाजिक अपाङ्गता* ☐ *(ठ) बहुअपाङ्ग* ☐

*विज्ञताको क्षेत्र :*

*रुचिको क्षेत्र :*

## *अनुसुची – २*

### *(दफा ३ को उपदफा ३ सँग सम्बन्धित )*

### *इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुरूप संलग्न हुने फारामको ढाँचा*

| |
|---|
| *हालसालै खिचेको पासपोर्ट साइजको फोटो* |

*श्री...............................*

*दार्मा गाउँ कार्यपालिकाको कार्यालय*

*मितिः........................*

**विषयः स्वंयसेवकका रूपमा सहभागी हुन पाऊँ ।**

*महोदय,*

*म विगत ....वर्षदेखि..................विषयमा काम गर्दै आइरहेको छु । यस ……गाउँ/नगरपालिकामा सोही बमोजिमका योजना र कार्यक्रमको सुरुवात गरिएकाले मेरो शैक्षिक योग्यता, कार्यअनुभवका आधारमा ...........................कार्यका लागि स्वयम्सेवा गर्न इच्छुक रहेकाले यो निवेदन पेश गरेको छु ।*

*१. नाम थरः*

*२. ठेगाना :*

*(क) स्थायी ठेगाना, ………गाउँ /नगरपालिका ................................वडानं.:......... टोल.......*

*(ख) अस्थायी ठेगाना, ……..गाउँ/नगरपालिका.....................वडान.:........टोल...................*

*सम्पर्क नम्वर ........................ इमेल..........................................................*

*३. लिङ्ग.............................*

*४. जन्म मिति (विक्रम सम्वत): .............................*

*५. उमेर :*

*६. वैवाहिक स्थिति : विवाहित/अविवाहित :*

*७. विवाहित भए पति ÷पत्नीको नाम :*

*८. धर्म :*

*९. नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर, जारी भएको मिति र जिल्ला :*

*१०. बाबुको नाम :*

*११. आमाको नाम :*

*१२. शैक्षिक योग्यता :*

*१३. अपाङ्गता भएमा सोको विवरण :*

*१४. सेवा गर्न चाहेको क्षेत्र विज्ञता र रुचिको विषय :*

*१५. सेवा गर्न चाहेको समयावधि :*

*सम्बन्धित विषयमा कुनै तालिम लिएको भए : १.*

*२.*

*३.*

*सेवा गर्न चाहेको विषयको अनुभव भएमा*

*..............देखि .....................सम्म ..........................पद........................कार्यालय ।*

*..............देखि .....................सम्म ..........................पद........................कार्यालय ।*

*..............देखि .....................सम्म ..........................पद........................कार्यालय ।*

*(यो निवेदनसँगै नागरिकताको प्रतिलिपी, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपी र अनुभवको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।)*

*आवेदकको नाम, थर :*

*दस्तखत :*

*मिति :*

## ***अनुसूची – ३***

***(दफा ९ को उपदफा १ र दफा १७ को उपदफा १ को (ज) सँग सम्बन्धित)***

***युवाको नेतृत्व विकास र स्वंयसेवाका क्षेत्र***

### *१. नेतृत्व विकासका क्षेत्र*

#### *(१) <u>युवाको क्षमता विकास</u>*

*यो कार्यविधिले सार्वजनिक नीति निर्माण, योजना निर्माण, निर्णय प्रक्रिया, कार्यान्वियन र अनुगमनमा युवा सहभागिता बढाउने र युवाको नेतृत्वमा सामाजिक, आर्थिक रूपान्तरण र वातावरणीय समस्या समाधान गरी राष्ट्र निर्माणमा युवा स्वंयसेवालाई आम संस्कृतिका रूपमा विकास गर्न र युवालाई योजना निर्माण प्रक्रियाको नेतृत्वमा पुऱ्याउन निम्न क्षेत्रमा युवाको क्षमता विकास गर्न आवश्यक छ ।*

*(क) युवा नेतृत्व विकासका लागि युवाको रुची, ज्ञान, सिप र धारणाको आधारमा राष्ट्रनिर्माणमा संलग्न हुन उत्प्रेरणा जगाई काम गर्ने अवसर सृजना गर्ने ।*

*(ख) युवा विकास तथा तालिम,आपसी छलफल, गोष्ठी, अध्ययन, अनुसन्धान, नेतृत्व तालिम र क्षमता अभिवृद्धि, सांस्कृतिक आदान-प्रदान र सहकार्यको संस्कृति बनाउन स्थानीय तहमा युवा विकास स्रोत केन्द्र निर्माण गर्ने ।*

*(ग) युवा, नागरिक सङ्घ संस्था, सञ्जाल, उद्यमशील युवा, लगायत विशेष प्राथमिकता समूहका विभिन्न प्रतिभावान युवा छनौट गरी नेतृत्व विकासका लागि विशिष्टिकृत तालिम सञ्चालन गर्ने ।*

*(घ) युवा नेतृत्व प्रतिष्ठानस्थापना गरी नियमितरूपमा युवाको नेतृत्व गर्ने जनशक्ति तयार गर्ने।*

*(ङ) युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागि प्रादेशिक, संघीय, अन्तरदेशीय, दक्षिण एशियाली र अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा युवा लक्षित कार्यक्रम र शिविरमा युवालाई सहभागी गराउने ।*

*(च) युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने तथा निजको विकास गर्न मद्दत पुऱ्याउने ।*

#### *(२) <u>नवप्रवर्तन, सीप विकास र उद्यमशीलता प्रवर्द्धन</u>*

*(क) युवाका नवीनतम विचारलाई संकलन र मूल्याङ्कन गरी उत्कृष्ट विचारलाई इन्क्युवेट गर्ने ।*

*(ख) युवालाई सहकारी जस्ता विभिन्न सामाजिक आर्थिक समूहमा आबद्ध गराई उत्पादनका क्षेत्रमा सरिक गराउने र अगुवा उद्यमी युवा उत्पादन गर्ने ।*

*(ग) युवाको सिपलाई रोजगारी र बजारसँग जोड्ने । उद्यमशीलता प्रवर्द्धनमा भइरहेका कार्यक्रममा सरकारी आर्थिक सहायता, प्रविधिको उपलब्धता र सहुलियतपूर्ण कर्जा सहयोग जस्ता विषयमा वित्तीय संस्था र युवा बीचमा सहजीकरण गर्ने ।*

*(घ) युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत् युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले वडातहसम्म विस्तार गर्ने ।*

*(ङ) विदेशमा रहेका प्रतिभावान युवाको सिप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्ने ।*

***(३) युवा क्लब र सञ्जाल गठन तथा परिचालन***

*(क) छरिएर रहेका युवालाई सङ्गठित गर्ने । प्रत्येक वडामा वडास्तरीय युवा क्लब गठन गर्ने र सबै क्षेत्रका युवा र वडा युवाक्लबबाट प्रतिनिधित्वहुनेगरी युवा सञ्जाल निर्माण गरी युवा संस्था तथा सञ्जालसँग सहकार्य गर्ने ।*

*(ख) बढ्दो सहरीकरण र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने र सबै प्रकारका जोखिमबाट सुरक्षित रहन युवा समूहलाई जागरुक गराउने ।*

*(ग) युवा निरक्षरता उन्मूलन, वातावरण संरक्षण, ग्रामीण स्वास्थ्य स्वंयसेवा, सिप विकास र उद्यमशीलताका लागि युवा सञ्जाललाई सहयोग उपलब्ध गराई परिचालन गर्ने ।*

*(घ) सार्वजनिक सेवा प्रवाह, नीतिनिर्माण, विकास व्यवस्थापन,सामाजिक, आर्थिक रूपान्तरणमा युवा सहभागिता सुनिश्चित गरी महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने ।*

*(ङ) प्रादेशिक, राष्ट्रिय,अन्तर्राष्ट्रिय सेवा र अवसरमा युवाको सहभागिता सुनिश्चित गर्ने ।*

*(च) महिला, दलित, मधेशी, मुस्लिम, अपाङ्ग, आदिवासी जनजाति,पिछडिएको क्षेत्रका, अल्पसङ्ख्यक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक युवाको समावेशिता महत्वपूर्ण स्थानमा सुनिश्चित भए नभएको थाहा पाउन समावेशीता परीक्षण कार्यक्रम सञ्चालन गर्ने ।*

***(४) युवा हक अधिकारको सुनिश्चितता*** *(क) सामाजिक र नागरिक अधिकार र दायित्वसम्बन्धी चेतना अभिवृद्धि गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।*

*(ख) विद्यालय, विश्वविद्यालय र युवा क्लबमार्फत युवा नेतृत्व, युवाको नीति निर्माण तहमा नेतृत्वको महत्व, युवा समावेशी अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, गुणस्तरीय शिक्षा तथा रोजगारको अधिकार, युवाको भूमिका तथा प्राकृतिक स्रोत साधनमाथिको अधिकार, युवाको*

*खाद्य अधिकार, युवाको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा वातावरणीय अधिकारका बिषयमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।*

*(ग) जिम्मेवार युवा नागरिक तयार गरी लोकतन्त्र, मानवअधिकार र सुशासन प्रवर्द्धन गर्न युवाको समाज,परिवार, वातावरण र समग्र राष्ट्रप्रतिको दायित्वसँग सम्बन्धित उत्प्रेरणामूलक कार्यक्रमसञ्चालन गर्ने ।*

***(५) युवा सहकार्य***

*(क) मानव अधिकार, लोकतन्त्र, सुशासन, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्था, गैरआवासीय नेपाली युवा, दातृनिकाय तथा विभिन्न प्रदेश तथा देशका युवाबिच सहकार्य बढाउने ।अन्य स्थानीय तहसँग युवा भगिनी रमितेरी कार्यक्रम सञ्चालन गर्ने ।*

*(ख) सामाजिक सांस्कृतिक सम्मिलनका लागि विविध जाति, धर्म, सम्प्रदाय, लिङ्ग, क्षेत्रका युवाबीच सह-अस्तित्व, सहकार्य र सद्भाव विकास गर्न अन्तर सांस्कृतिक युवा सम्मेलन, महोत्सव गर्ने ।*

*(ग) पुरानो पुस्ताको अनुभव र नयाँपुस्ताको उर्जाको समिश्रण गरी दुवै पुस्ताबीचमा सहकार्य (Inter-generational partnership)गरी समृद्धिका लागि पुस्तान्तरण, सकरात्मक अनुभवको हस्तान्तरण र रूपान्तरण कार्यक्रम सञ्चालन गर्ने।*

***(६) आमसञ्चार र युवा***

*(क) स्थानीय, प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई सुसूचित गराउन एवं सामाजिक, विकृति र विसंगति, हिंसा, अपराध, बेचबिखन तथा दुर्व्यसनका विषयमा युवालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने, बुलेटिन, खबरपत्रिकाप्रकाशन गर्ने ।*

*(ख) सूचना सम्प्रेषणका लागि युवाको नेतृत्वमा स्थानीय सूचना केन्द्रबाट सेवा प्रवाह गर्नुका साथै छुट्टै अनलाइन खबरपत्रिका, वेबसाइसञ्चालन गर्ने ।*

***(७) सामाजिक समावेशिता***

*(क) स्थानीय तहले संचालन गर्ने कार्यक्रममा अपाङ्गता भएका युवा, जोखिममा रहेका युवा, द्वन्द्वप्रभावित युवा, अल्पसंख्यक र सीमान्तकृत युवा, दलित मुस्लिम समुदाय र पिछडिएको क्षेत्रका युवा जस्ता लक्षित समूहका युवाको सहभागिता सुनिश्चित गर्ने ।*

(ख) युवाभित्रको सामाजिक समावेशिता अभिवृद्धिका लागि स्थानीय भाषामा सूचना प्रकाशन, ब्रेललिपी, दोभाषेको व्यवस्था, अपाङ्गमैत्री सामाजिक संरचना, लैङ्गिक संवेदनशील भाषा र संरचनाको व्यवस्था गर्ने।

(ग) प्राथमिकता र विशेष प्राथमिकतामा रहेका युवाको सशक्तीकरण र अभिमुखीकरण, आवश्यकता अनुसारको सिपमूलक र व्यावसायिक शिक्षा, स्वास्थ उपचार सेवा र रोजगारी लगायतका विषयमा विशेष ध्यान दिने ।

**२. युवा स्वंयसेवाका क्षेत्र**

**(१) मानवीय कार्यमा युवा स्वंयसेवा**

(क) शैक्षिक बेरोजगार युवालाई लक्षित गरी विभिन्न क्षेत्रमा स्वंयसेवक परिचालन गर्ने र यसलाई वृद्धि गर्दै लैजाने । यस्ता स्वंयसेवक, शिक्षा, सामाजिक चेतना, ग्रामीण स्वास्थ्य, वातावरण, सूचना केन्द्र, कृषि तथा सेवा क्षेत्रहरूमा परिचालन गर्ने ।

(ख) रक्तदान, सरसफाइ जस्ता स्वयम्सेवी कार्यक्रमहरू आयोजना गर्ने । यस्ता कार्यक्रम युवा क्लबहरू मार्फत अघि बढाउने ।

(ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय स्वयम्सेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी, राजनीतिक सङ्गठन, क्लब तथा युवा सङ्घ जस्ता संघसंस्थाको समन्वयमा आपतकालीन स्वंयसेवा प्रशिक्षण दिने तथा परिचयपत्र प्रदान गरी समाजसेवाका विभिन्न क्षेत्र जस्तै भूकम्प र प्राकृतिक विपत्ति, महामारी, दुर्घटना, खाद्य संकट र भोकमरी, डढेलो, द्वन्द्व तथा बाढीपहिरो जस्ता विपत्तहरूमा परिचालन गर्ने ।

**(२) वन तथा वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा युवा संलग्नता**

(क) युथ ग्रीन क्लब निर्माण गरी वातावरण सचेतना र संरक्षण, सरसफाइ, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

(ख) हैसियत बिग्रेका वन, उपयोगहिन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गर्ने ।

(ग) पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तव्य र साहसिक पर्यटनको सम्भावनाको खोजी, सांस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवर्द्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रम आयोजना गर्ने ।

**(३) स्वंयसेवालाई विकासको आधारशीलाको रूपमा स्थापित गर्ने**

*(क) स्वंयसेवा गरेका युवालाई रोजगारीका अवसर, निर्वाह भत्ता, पदोन्नति र अन्य सेवाका लागि सकारात्मक मूल्याङ्कन गर्ने । युवा स्वंयसेवक समूह गठन गरी विपत् तथा आपतकालीन अवस्थामा परिचालन गर्न युवा स्वंयसेवक तयार गर्ने । स्वंयसेवाको अनुभव भएका युवालाई विशेष प्राथमिकतामा राख्ने ।*

*(ख) प्रत्येक वर्ष डिसेम्बर पाँच मा मनाइने अन्तर्राष्ट्रिय स्वंयसेवक दिवसका अवसरमा विभिन्न क्षेत्रमा स्वंयसेवागर्नेहरू मध्येबाट फरक विधाका कम्तीमा पाँच जना स्वंयसेवकलाई प्रत्येक वर्ष सम्मान गर्ने ।*

### ३. सामाजिक विकृति विसङ्गति विरुद्ध युवा अभियान

*(१) विद्यमान महिला हिंसा, जातीय विभेद तथा छुवाछूत, बोक्सी, छाउपडी, दाइजो प्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक विकृति विसङ्गति विरुद्ध अभियान सञ्चालन गर्न स्थानीय युवा क्लब, युवा सञ्जाल तथा युवा सम्मिलित निजी क्षेत्रलाई उत्प्रेरित र प्रोत्साहित गर्ने ।*

*(२) लागूपदार्थ दुर्व्यसनी, कुलत, एचआईभी संक्रमण, आप्रवासन, मनोसामाजिक समस्या लगायतका विषयमा अगुवा भई सचेतना कार्यक्रम सञ्चालन गर्ने ।*

*(३) साइबर क्राइम तथा आधुनिक प्रविधिको दुरुपयोगसम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने ।*

*(४) महिला हिंसा, मानव बेचबिखन, लागुपदार्थ ओसार पसार तथा विभिन्न सामाजिक विकृति नियन्त्रण गर्न प्रहरी तथा युवाको सामुदायिक प्रहरी सेल स्थापना गरी परिचालन गर्ने ।*

*(५) छोरी-बुहारी बचाऔँ, पढाऔँ, बालिका शिक्षा, बालिका बिमा जस्ता अभियानमूलक कार्यक्रम युवाको नेतृत्वमा सञ्चालन गर्ने ।*

*(६) युवा नेतृत्वका विषयलाई विद्यालयका पाठ्यक्रममा समेत समावेश गर्ने । बिद्यालयस्तरमा बालक्लब गठन र उनीहरूको सहभागितालाई अभिवृद्धि गरी सवल युवा र सक्षम नागरिक बनाउन भूमिका निर्वाह गर्ने ।*

***आज्ञाले,***

***अमृत खड्का***

***निमित्त प्रमुख प्रशासकीय अधिकृत***